# इष्टर्न हाइड्रोपावर लिमिटेड
## ललितपुर महानगरपालिका- १०, ललितपुर
## दशौं वार्षिक साधारण सभा सम्वन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति २०८३।०६।०८

यस कम्पनीको मिति २०८३ आश्विन ५ गते सोमवार दिनको १:०० बजे बसेको संचालक समितिको निर्णय अनुसार यस कम्पनीको दशौं वार्षिक साधारण सभा निम्न मिति ,समय र स्थानमा निम्न लिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न वस्ने भएको हुदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराउँदै सभामा उपस्थितिका लागि यो सुचना प्रकाशित गरिएकोछ ।

**दशौं बार्षिक साधारण सभा हुने मिति,समय र स्थान :**

मिति :- २०८३ आश्विन २९ गते बिहिवार (तदनुसार १५ अक्टोवर, २०२६)

समय :- विहान ११ बजे

स्थान :- होटल हार्दिक, बागवजार , काठमाण्डौं ।

**दशौं बार्षिक साधारणका छलफलका प्रस्तावहरु :**

**(१) सामान्य प्रस्तावहरु :-**

क) कम्पनीको तर्फ बाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व.२०८२/८३ को बार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

ख) कम्पनीको आ.व. २०८२/८३ को लेखापरिक्षण प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

ग) कम्पनीको आ.व. २०८३/८४ को लेखापरिक्षण गर्नका लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धीमा ।

**(२) विशेष प्रस्तावहरु**

क) कम्पनीको १:०.८७१ वरावरको हकप्रद शेयर (Right share) निष्काशन सम्वन्धी ।

ख) कम्पनीको रजिष्टर्ड कार्यालय रहेको ठेगाना परिवर्तन हुनेहुँदा प्रवन्धपत्र र नियमावली संशोधन सम्वन्धी ।

**(३) विविध ।**

**साधारण सभा सम्वन्धी थप जानकारी :**

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८३।०६।२१ गते एक दिन शेयर दर्ता किताव वन्द (Book Close) रहनेछ ।

२. साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियूक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधीपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा २ दिन अगावै अर्थात मिति २०८३/०६/२६ गते दिनको ५ बजे भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराई सक्नु पर्ने वा कम्पनीको इमेल pikhuwakhola5@gmail.com मा पठाइ सक्नुपर्नेछ । कम्पनीको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन पाइने छैन ।

EASTERN HYDROPOWER Ltd. 2017

३. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नुहुनेछ ।

४. सभा हुने दिन सभामा उपस्थीतीका लागि हाजीर पुस्तीका विहान १०:०० बजे देखी खुल्ला रहने छ । सभामा भाग लिन शेयरधनीहरुले अनिवार्य रुपमा आफ्नो परिचय खुल्ने कुनै प्रमाणपत्र तथा हितग्राही खाता (Demat Account) मा शेयर अभौतिकरण गरिएको विवरण लिएर आउनुपर्नेछ ।

५. साधारण सभा सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा टेलिफोन नं ०१-५४५०९३४ मा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

EASTERN HYDROPOWER Ltd. 2017

संचालक समितिको आज्ञाले
कम्पनी सचिव